## प्रस्तावहरु:

१. स्थानिय उपसमिति तथा अन्य समिति गठन सम्बन्धमा ।

२. विशेष अनुदानबाट संचालित योजना कार्यान्वयन सम्बनधमा ।

३. करारका कर्मचारीहरुको म्यादथप र तलब सम्बन्धमा ।

४. वडा कार्यालय ब्यबस्थापन र इन्धन सम्बन्धमा ।

५. स्वास्थ्यतर्फका कर्मचारी ब्यबस्थापन र अन्य विषय सम्बन्धमा ।

६. नदीजन्य पदार्थ (गिटी वालुवा) को समर्थन सम्बन्धमा ।

७. विज्ञापन कर उठाउने सम्बन्धमा ।

८. फोहोरमैला ब्यबस्थापन सम्बन्धमा ।

९. शिक्षातथा खेलकुद सम्बन्धमा ।

१०. जगेडा कोषको रकम खर्च सम्बन्धमा ।

११. उपचार खर्च सम्बन्धमा ।

१२. सोलार बत्ति जडान गर्ने सम्बन्धमा ।

## निर्णयहरु:

### निर्णय नम्वर १

प्रस्ताव नम्वर १ माथि छलफल गर्दा देहाय अनुसारका समिति तथा उपसमितिहरु गठन गर्ने निर्णय गरियो ।

क) पर्यटन वर्ष २०१९ – २२ मा मध्यनेपाल नगरपालिकाभित्र पर्यटन प्रवर्द्धन गर्नकालागि स्थानिय उपसमिति गठन गरी सोको जानकारी यस मन्त्रालयलाइ गराउने भनि गण्डकी प्रदेश उद्योग, पर्यटन वन तथा वातावरण मन्त्रालयको च नं ६७ मिति २०७६।०४।१९ को पत्र प्राप्त भएकोले देहाय अनुसारको स्थानिय उपसमिति गठन गरी सो को जानकारी उद्योग, पर्यटन वन तथा वातावरण मन्त्रालयलाइ गराउने ।

१. नगर प्रमुख श्री रमेशकुमार पाण्डे — संयोजक
२. उपप्रमुख श्री राजकुमार श्रेष्ठ — सदस्य
३. वडाध्यक्ष वडा नं ५ श्रीवालकुमार श्रेष्ठ — सदस्य
४. वडाध्यक्ष वडा नं ८ श्री अमृत बहादुर तामाङ — सदस्य
५. वडाध्यक्ष वडा नं ७ श्री गगन घिमिरे — सदस्य
६. पर्यटन ब्यवसायी श्री चीजामायाँ गुरुङ वडा नं ८ — सदस्य
७. पर्यटन ब्यवसायी श्री नवराज घिमिरे वडा नं ७ — सदस्य
८. पर्यटन ब्यवसायी श्री मानकुमारी अचाजु वडा नं ४ — सदस्य
९. प्रमुख प्रशासकीय अधिकृत श्री नर बहादुर खड्का — सदस्य सचि

( संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, स्थानिय तह समन्वय शाखाको च नं ९९ मिति २०७६।०५।२९ को पत्रानुसार यस नगरपालिका भीत्र नेपाल भ्रमण बर्ष २०२० को आबश्यकप्रचार प्रसार र प्रवर्धन गर्नकालागि गठन गर्नुपर्ने समितिको काम समेत यसै समितिले गर्ने )

ख) स्थानिय शासन संचालन ऐन, २०७४ आउनुभन्दा अगाडि मिति २०७४।०३।१९ गते बसेको नगर कार्यपालिकाको बैठकले विभिन्न समितिहरुका संयोजक मात्र तोकेको, समितिका सदस्यहरु तोक्न बाँकिरहेकै

अवस्थामा मिति २०७४।०६।२९ बाट स्थानिय शासन संचालन ऐन, २०७४ लागू भएको,उक्त ऐनको दफा २२ अनुसार नगरपालिकाको कार्यप्रणालीलाइ ब्यबस्थित गर्न लेखा समिति, विधायन समिति, सुशासन समिति र आवश्यकता अनुसार अन्य समिति गठन गर्नुपर्ने भएकोले हाललाइ देहायअनुसारका सदस्यहरु रहनेगरी लेखा समिति, विधायन समितिर सुशासन समिति गठन गरि सम्बन्धित कार्यको जिम्मेवारी दिने र आवश्यकता अनुसार अन्य समितिहरु गठन गर्दैजाने ।

१) **<u>लेखा समिति</u>**

| | |
|---|---|
| संयोजक | श्री पदम ब थापा |
| सदस्य | श्री सूर्य ब कुवर |
| सदस्य | श्री कमला माझी |

२) **<u>विधायन समिति</u>**

| | |
|---|---|
| संयोजक | श्री रामचन्द्र भण्डारी |
| सदस्य | श्री नेत्र ब बस्नेत |
| सदस्य | श्री लक्ष्मि वि क |

३) **<u>सुशासन समिति</u>**

| | |
|---|---|
| संयोजक | श्री निर्मल गौतम |
| सदस्य | श्री मैया मौराति |
| सदस्य | श्री विष्णुमाया गिरी |

ग) नगरपालिकाबाट आ ब २०७६।७७ मा संचालन हुने तीनलाख भन्दा मुनिका योजनाहरुको सम्बन्धित वडा कार्यालयले वडाध्यक्षको संयोजकत्वमा अनुगमन समिति गठन गरी सम्पन्न भएका योजनाहरुको अनुगमन प्रतिवेदन सहित भुक्तानिको लागि सिफारिस गर्ने र तीनलाखभन्दा माथिका योजनाहरुको अनुगमन तथा निरिक्षण गरि सम्पन्न भएका योजनाहरुको अनुगमन प्रतिवेदन सहित रकम भुक्तानिको लागि सिफारिस गर्न देहाय अनुसारको एक समित गठन गर्ने ।

| | | |
|---|---|---|
| १ | नगर उपप्रमुख श्री राजकुमार श्रेष्ठ | संयोजक |
| २ | वडाध्यक्ष वडा नं १ श्री चन्द्रमणी पौडेल | सदस्य |
| ३ | वडाध्यक्ष वडा नं १० श्री रामच्नद्र भण्डारी | सदस्य |
| ४ | योजना संग सम्बन्धित वडाका वडाध्यक्ष | सदस्य |
| ५ | योजना शाखाको प्रमुख वा प्राविधिक शाखाको प्रमुख | सदस्य |

<u>निर्णय नम्वर २</u>

प्रस्ताव नम्वर २ माथि छलफल गर्दा"विशेष अनुदान सम्बन्धी कार्यविधी, २०७५"को दफा ११ को उपदफा १ को खण्ड "ग" मा "विशेष अनुदानबापत प्राप्त रकम खर्चगर्दा उपभोक्ता समिति मार्फत गर्न पाइनेछैन" भन्ने ब्यहोरा उल्लेख भएकोले नगर कार्यपालिकाको मिति २०७६।०४।२३ मा बसेको बैठकको निर्णयअनुसार प्रदेश सरकारको विशेष अनुदान बाट संचलन हुने योजनाहरुमध्ये कार्यालयबाट संचालनहुने योजनाहरु बाहेक अन्य योजनाहरु दरभाउपत्र माग गरी कार्यान्वयन गर्ने निर्णय गरियो । साथै विशेष अनुदानबाट संचालन हुने योजनमा रु १ लाखको योजना कम भएकोले बडा नं ६ को थर्पु कुलो थप गर्ने समेत निर्णय गरियो ।

__निर्णय नम्वर ३__

प्रस्ताव नम्वर ३ माथि छलफल गर्ददिहाय अनुसारका करारका कर्मचारीहरुलाइ देहाय अनुसार म्यादथपगर्ने तथा तलब उपलब्ध गराउने निर्णय गरियो ।

क) साविक एक गा. वि. स. एक प्राविधिकको अबधारणा अनुरुप करारमा नियूक्त भइ हाल यस नगरपालिका अन्तर्गत कार्यरत कृषि सेवातर्फ १ जना र पशुसेवा तर्फ ३ जना गरी जम्मा ४ जना प्राविधिक कर्मचारीहरुको मिति २०७६।०४।२३ गते बसेको नगर कार्यपालिकाको बैठकले श्राबण महिनाबाट लागूहुनेगरी थप गरेको तीनमहिनाको म्याद असोज मसान्तबाट समाम्त भैसकेकोलेनिजहरुको कार्तिक १ गतेबाट तीनमहिनाको लागि म्याद थप गर्ने,तलबको लागि थप आबश्यक रकम कृषि तथा मशुपंछी विकास मन्त्रालयबाट प्राप्त भएमा श्रावण महिनादेखिनै तलब स्केल अनुसारको तलब सुविधा उपलब्ध गराउने र प्राप्त नभएमा साविककै तलब सुविधा उपलब्ध गराउने ।

ख) जिल्ला समन्वय समिति लमजुङबाट यस नगरपालिकामा कामकाज गर्न खटाइएका तत्कालिन जिल्ला विकास समितिका अस्थायी खानेपानी सहायक टेक्नेसियन मणिराम पोखरेलको नगर कार्यपालिकाको मिति २०७६।०४।२३ गते बसेको बैठकको निर्णय अनुसार मिति २०७६ साल श्रावण महिनाबाट लागूहुनेगरि तीनमहिनाको लागि म्यादथप गरिएकोमा उक्त म्याद असोज मसान्तबाट समाप्त भैसकेको र हाल नगरपालिकालाइ खानेपानी टेक्नेसियनको सेवा आवश्वक भएकोले अन्य बैकल्पिक ब्यवस्था भएमा स्वत अवकाश हुनेगरी निजको २०७६ कार्तिक १ गतेबाटतीनमहिनाको लागि म्यादथप गर्ने ।

ग) यस कार्यालयमा करारमा कार्यरत देहायअनुसारका कर्मचारीहरुलाइमित २०७६ साल श्राबण महिना देखिनै लागु हुनेगरि देहायअनुसार तलव सुविधा उपलब्ध गराउने निर्णय गरियो ।

१ प्राविधिक शाखामा कार्यरत प्राविधिकहरुलाइ नेपाल सरकारले तोकेको तलब स्केल अनुसार ।

२ कम्प्यूटर अपरेटर संजय पौडेललाइ मासिक रु २३,०००।–

३ सबारी चालकहरुलाइ मासिक रु १९,०००।–

४ कार्यालय सहयोगिहरुलाइ मासिक रु १५,०००।–

घ) सूचना प्रविधि अधिकृतको ७५ प्रतिशत तलब ब्यहोर्ने गरी वार्षिक बजेट पेश भएको र स्वीकृत भएपछी LMBIS मा प्रविष्ट गरिनेभएकोले तहाँ कार्यरत सूचना प्रविधि अधिकृतको करार संझौता नविकरण सम्बन्धी ब्यबस्था तहाँबाटै हुन अनुरोध छ भनि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, प्रदेश तथा स्थानिय प्रशासन सहयोग कार्यक्रम (PLGSP), कार्यक्रम समन्वय इकाईको च नं ९६ मिति २०७६।०५।२१ को पत्र प्राप्त भएकोले यस कार्यालयमा कार्यरत सूचना प्रविधि अधिकृत आकाश गुरुङलाइ LMBIS मा प्रविष्ट भएपछि ७५ प्रतिशत तलब उपलब्ध गराउने र नगरपालिकाको तर्फबाट उपलब्ध गराउने रकमबारेमा पछि निर्णय गर्नेगरी मिति २०७६ श्रावण १ गतेबाट लागू हुनेगरी ६ महिनाको लागि करार संझौता नविकरण गर्ने ।

__निर्णय नम्वर ४__

प्रस्ताव नम्वर ४ माथि छलफल गर्दा वडा कार्यालय ब्यवस्थापन रइन्धन सम्वन्धमा देहाय अनुसार गर्ने निर्णय गरियो ।

क) वडा कार्यालय ब्यबस्थापनको लागि प्रत्येक वडाकार्यालयलबाट प्राप्त वील भर्पाइको आधारमा प्रति महिना रु दशहजार सम्मको मुक्तानि दिने निर्णय गरियो ।

ख) यस कार्यालयले मोटरसाइकल उपलब्ध गराएका नगरपालिकाका पदाधिकारी तथा कर्मचारीहरुलाइ प्रति महिना पन्ध्र लिटरका दरले पेट्रोल उपलब्ध गराउने, साथै निजि मोटरसाइकल प्रयोग गर्नेगरि सरकारी कामकाजमा खटाइएका पूननिर्माण शाख, प्राविधिक शाखा र अन्य शाखाका कर्मचारी हरुलाइ त्यसरी काममा खटाउदा प्रमुख प्रशासकीय अधिकृतले कामको आधारमा मासिक पन्ध्र लिटरभन्दा नबढ्नेगरी आबश्यकता अनुसार पेट्रोल उपलब्ध गराउने ।

**निर्णय नम्वर ५**

प्रस्ताव नम्वर ५ माथि छलफल गर्दा यस नगरपालिका अन्तर्गतकास्वास्थ्यतर्फका कर्मचारी ब्यबस्थापन र अन्य विषय सम्बन्धमादेहाय अनुसार गर्ने निर्णय गरियो ।

क) सातवटा वर्थिङ सेन्टरहरुमा अघिल्लो आ. व. देखिनै १० जना अ. न. मि. हरु करारमा कार्यरत रहेका, मिति २०७६।०४।२३ गते बसेको कार्यपालिकाको बैठकले साविककै तलब सुविधा प्रदान गर्नेगरि निजहरुको म्याद श्रावण १ गतेबाट लागुहुनेगरी तीन महिना थप गर्ने निर्णय गरेको, सो म्याद पनि असोज मसान्तबाट समाप्त भैसकेको, उनिहरुको तलबको लागि शसर्त अनुदान अन्तर्गत मातृ तथा नवजात शिशु कार्यक्रमका लागि ब्यक्ति करार शिर्षकमा रु. १५ लाख ९६ हाजार छुट्याइएको, १० जना कर्मचारीको रु. १९ हजार प्रति महिनाको दरले तीनमहिनाको तलब उपलब्ध गराउँदा रु. ५ लाख ७० हजार खर्च भइ रु. १० लाख २६ हजार बाँकि रहने देखिएको, सो रकमले मासिक रु. १९ हजारकै दरले तलब उपलब्ध गराउदापनि बाँकि ९ महिनाको लागि ६ जनाकर्मचारीहरुलाइ मात्र पुग्ने देखिएकाले सातवटा बर्थिङ सेन्टरको लागि आवश्यक ७ जना अ. न. मि. को नयाँ सूचना प्रकासित गर्ने र छनौट भएका ब्यक्तिहरुलाइ मासिक १९ हजार तलब पाउनेगरीकरारमा नियूक्त गर्ने, नपुग तलब रकमचालु आ ब को जगेडा कोषबाट उपलब्ध गराउने ।

ख) पूर्णखोपको दिगोपना सम्बन्धी तथ्याङ्क संकलन गर्न११३ जना महिला स्वास्थ्य स्वयंसेवीकाहरुलाइ परिचालन गर्दा रु चारसयका दरले एकदिनको यातायात खर्चवापत जम्म रु ४५,२००।- आबश्यक पर्ने देखिएकोले उक्त रकम चालु आर्थिक बर्षकोजगेडा कोषबाट भुक्तानी दिने ।

ग) बांग्रेवेसी, निवुवाटारी र कल्यांगवेसी शहरी स्वास्थ्य केन्द्र तथा पोखरीथोक सामुदायिक स्वास्थ्य इकाइ केन्द्रमा करारमा कार्यरत चारजना कर्मचारीहरुलाइ (अ. हे. व/अ. न. मि.) मिति २०७६ साल श्रावण देखि कार्तिक सम्मको पारिश्रमिक बापतमासिकरु सोह्रहजारका दरलेहुने जम्मा रु २,५६,०००।–रमकचालु आ व को जगेडा कोषबाट भुक्तानी दिने ।

घ) नेपाल सरकारले कर्मचारी समायोजन गर्दा यस नगरपालिका अन्तर्गतका स्वास्थ्य संस्थाहरुमा केही हे. अ. र अ. हे. व. को दरवन्दी खाली रहने देखिएकोले आवश्यकता अनुसार खाली दरवन्दीमा प्रकृया पूरा गरी करारमा नियूक्त गर्ने र निजहरुको पारिश्रमिक सशर्त अनुदान गन्तर्गत तलभ भत्तामा विनियोजित रकमबाट भुक्तानी गर्ने ।

ङ) भोर्लेटार स्वास्थ्य चौकीमा आखाँ उपचार सेवा प्रारम्भ गर्नकालागि मिति २०७६।०४।२३ गतेको कार्यपालिकाको बैठकको निर्णयअनुसार एकजना कर्मचारी करारमा नियूक्त गर्ने प्रकृया अगाडी बढाउन १५ दिने सूचना प्रकाशन गरिएकोमा अन्तिम मितिसम्ममा पनि कुनै निवेदन प्राप्त नभएकोले पून: १५ दिनको म्याद दिएर अर्को सूचना प्रकाशन गर्ने ।

**निर्णय नम्वर ६**

प्रस्ताव नम्वर ६माथि छलफल गर्दा यस नगरपालिका क्षेत्रभीत्र तोकिएका घाटहरुबाट उत्खनन् गर्नसकिने नदिजन्य पदार्थको परिमाण एकिन गरि भदौ १५ गतेभीत्र वोलपत्र सम्न्धी आवश्यक कार्वाही अगाडी बढउनको लागि कार्यपालिकाको मिति २०७६।०४।२३ गतेको बैठकबाट नगर प्रमुखको संयोजकत्वमा गठित समितिले गरेका नदिजन्य पदार्थको परिणाम एकिन (प्राविधिक प्रतिबेदन अनुसार) गर्ने, दरभाउपत्र मागगर्ने कार्यतथा प्रत्येक घाटको लागि परेका एक-एकवटा दरभाउपत्र स्वीकृत गर्ने कार्यको समर्थन गर्ने र पेश भएका दरभाउपत्र दातासंग संझौता गरी कार्यदिश दिने निर्णय गरियो ।

**निर्णय नम्वर ७**

प्रस्ताव नम्वर ७ माथि छलफल गर्दा नगरपालिकाको हरेक वर्षको आर्थिक ऐनमा तोकिएअनुसारको विज्ञापन कर हालसम्म पनि नउठेकोले उक्त कर उठाउनको लागि इच्छुक संघसंस्था तथा कम्पनीहरुबाट देहायअनुसार हुनेगरी प्रस्ताब माग गरि सातदिनको सूचना प्रकासित गर्ने र प्राप्त प्रस्ताहरुमध्ये सबैभन्दा बढी कबोल गर्नेको प्रस्ताव स्वीकृत गरी संझौता गर्ने निर्णय गरियो ।

१ आ ब २०७६।७७ मा अग्रिम रुपमा एकमुष्ट बुझाउनुपर्ने न्यूनतम रकम रु २५ हजार कायम गर्ने ।

२ प्रतिबर्ष १० प्रतिशतले बृद्धि हुनुपर्ने सर्त राख्ने ।

३ संझौता अबधी तीन बर्षको हुने ।

**निर्णय नम्वर ८**

प्रस्ताव नम्वर ८ माथि छलफल गर्दाफोहोरमैला ब्यबस्थापन तर्फ यस आ ब मा विनियोजित रकम रु ३३३२६बाट फोहोमैला ब्यबस्थापनको लागि चाहिने सामान खरिद गर्ने निर्णय गरियो ।

**निर्णय नम्वर ९**

प्रस्ताव नम्वर ९ माथि छलफल गर्दा शिक्षा तथा खेलकुद सम्बन्धमा देहायअनुसार गर्ने निर्णय गरियो ।

**क) प्रस्तावितमाविकालागिशिक्षकव्यवस्थापनः**

१ नगरपालिकाक्षेत्रभीत्रसन्चालनमारहेकादेहायकाप्रस्तावितमाध्यमिकविद्यालयहरुलाईएकमाध्यमिकतहतृतीयश्रेणीसरहकोदरलेदेहायकाविषयहरुकोशिक्षकव्यवस्थापनगर्नप्रस्तावितमाध्यमिकविद्यालयहरुकालागिशिक्षकव्यवस्थापनमाविनियोजितरकमप्रयोगगर्ने।शिक्षककालागिमावितृतीयसरहप्रतिमहिना३५९९०रूपैंयाकारनिमाविकोलागिप्रतिमहिना२८२००कादरले२०७६ मंसिर देखि२०७७असारसम्मकोलागिअनुदानरकमउपलब्धगराउने।

| क्र.सं. | विद्यालयको नाम | विषय |
|---|---|---|
| १ | श्री जनमन्दिर मा.वि. | गणित |
| २ | श्री कल्याण मा.वि. | विज्ञान |
| ३ | श्री वालज्योति मा.वि. | विज्ञान |
| ४ | श्री डडुवा दुर्छा मा.वि. | गणित |
| ५ | श्री सूर्यज्योति मा.वि. | नेपाली |
| ६ | श्री बालविकास मा.वि. | गणित |
| ७ | श्री कल्याण मा.वि. | निमावि |

| | | |
|---|---|---|
| | | नेपाली |

२ नगरपालिकाको शिक्षा शाखाबाट नै शिक्षक नियुक्तिको सिफारिस गर्ने प्रयोजनको लागि विज्ञापन तथा छनौटको सम्पूर्ण प्रकृया गर्ने । शिक्षक छनौटको लागितपसिलअनुसारकोसमितिगठनगर्ने।

प्रमुख प्रशासकीय अधिकृत संयोजक

सूचीकृत विषय विज्ञहरुमध्येबाट नगरप्रमुखले

छनौट गरेको विषयगत विषय विज्ञ २ जना सदस्य

शिक्षाशाखाप्रमुख सदस्यसचिव

३ शिक्षकतथाछनौटकोमापदण्डरपाठ्यक्रमतथाअन्यव्यवस्थाशिक्षकसेवाआयोगनियमावली२०५७बमोजिमहुने।करारसूचीमारहेकाउम्मेदवारहरुकोदरखास्तपरेमायोग्यतासूचीकोआधारमानियुक्तिकोलागिसिफारिसगर्ने।

४ छनौटसमितिमारहिकामगरेवापतसमितिकापदाधिकारीहरुलाईपारिश्रमिक तथा परिक्षा ब्यवस्थापन खर्च समेत शिक्षक ब्यबस्थापन शिर्षक अन्तर्गत विनियोजित रकमबाट उपलब्धगराउने।

५ नगरपालिकाकोसिफारिसमाशिक्षकलाईकरारमातोकिएकोअवधिकोलागिनियुक्तिसम्बन्धितविद्यालयलेदिने।

**<u>ख) बालविकास नगर खाजा व्यवस्थापन कार्यक्रमः</u>**

१ शैक्षिकसत्र२०७६कोचैत्रमहिनासम्मकोलागिवढीमा१२०दिनकोलागिवालविकासमाभर्नाभैविद्यालयलेEMISभरेकोविवरणतथाकक्षामाउपस्थितसंख्याकोआधारमाप्रतिविद्यार्थीउपलब्धरकमबाटविद्यार्थीलाईशुद्धपोषिलोपौष्टिकरसफाखाजाविद्यालयमानै निर्माणगरीखुवाउनुपर्नेछ।

२ विद्यालयलेतोकिएकोढाँचामाविद्यार्थीहाजिरीतथाखुवाएकोखाजाकोविवरणरविलभर्पाइसहितअध्यक्षरप्रअबाटप्रमाणितकागजातकोआधारमाखाजाकोरकमचौमासिकरूपमानिकासाप्राप्तगर्नेछ।

३ २०७६भदौदेखिचैत्रसम्मवढीमाविद्यार्थीलाईखाजाखुवाएकोदिनमा१२०दिनकोलागिप्रतिविद्यार्थीप्रतिदिनरु१५का दरले हुनआउने रकमविद्यालयलाईउपलब्धगराउने।

४ विद्यालयलेअभिभावककोसहयोगलिइखाजाव्यवस्थापनसमितिगठनगरीखाजनाकोआवश्यकीयप्रवन्धमिलाउनुपर्नेछ।

**<u>ग) शिक्षक व्यवस्थापन तथा दरवन्दी मिलान र विद्यालय समायोजनः</u>**

१ शैक्षिकसत्र२०७६माEMISमाप्राप्तविद्यार्थीविवरणतथाकक्षामाउपस्थितविद्यार्थीसंख्याकोआधारमाविद्यार्थीसंख्यारमौजुदाशिक्षकसंख्याकोआधारमातपसिलअनुसारदरवन्दीविद्यालयहरुमामिलानगरीशिक्षकव्यवस्थापनरविद्यालयसमायोजनगर्ने।

२ मध्यनेपालनगरपालिकाकोवडानं५मारहेकोश्रीवालकन्याप्राथमिकविद्यालयमाशैक्षिकसत्र२०७५देखिनैविद्यार्थीशुन्यभएकोकारणवन्दरहेकोरतहाँकार्यरतशिक्षकअन्यविद्यालयमाकाजखटिएकोलेसोविद्यालयकोभौतिकतथाअन्यजिन्सीसामग्रीहरुकोसंरक्षणतथाव्यवस्थापनकोलागिसोहीवडामारहेकोश्रीसम्झनामाविमासोविद्यालयसमायोजनगरीआवश्यकव्यवस्थापनगर्ने।

३ मध्यनेपालनगरपालिकाकोवडानं१मारहेकोश्रीज्ञानेश्वरीप्राविमाविद्यार्थीसंख्यानभएकोकारणउक्तविद्यालयकोशैक्षिक, भौतिकअभिलेखरसम्पत्तीसोहीवडाकोश्रीससधारामाविमासमायोजनगरीवुँदानं१अनुसारशिक्षकव्यवस्थापनगर्ने।

| क सं | विद्यालयकोनाम | विद्यार्थी संख्या प्राविमा | प्राविमा शिक्षक संख्या | जम्मा शिक्षक | प्रावि को STR | घट्नेदरवन्दी | थपिनेदरवन्दी | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | श्रीमालिका आधारभूत विद्यालय | 12 | 4 | 8 | 3 | निमावि १ | | रिक्तप्राविको अनुमति दिने । |
| २ | श्रीजनमन्दिर माध्यामिक विद्यालय | 76 | 8 | 11 | 10 | | प्रावि १ | कल्याणमाविको रिक्त प्रावि । |
| ३ | श्री मंगलामाध्यमिक विद्यालय सोतीपसल | 258 | 9 | 25 | 29 | | प्रावि २ | गोरखनाथरिक्त र ज्ञानेश्वरी समायोजन हुँदा। |
| ४ | श्रीसर्वनन्दन प्राथमिक विद्यालय जीता ५ | 17 | 3 | 3 | 6 | | | २ र ३कक्षामा विद्यार्थी नभएको । |
| ५ | श्रीबालज्योति मावि बाङग्रे | 34 | 8 | 11 | 4 | | | |
| ६ | श्रीसुर्यज्योति माध्यमिक विद्यालय मध्यनेपाल ३ | 68 | 8 | 13 | 9 | | १ थप | ज्ञानेश्वरीसमायोजन हुँदाको शिक्षक पठाउने । |
| ७ | श्रीकल्याण माध्यामिक विद्यालय | 48 | 9 | 11 | 5 | प्रावि १ | निमावि १ | प्रावि रिक्त रहेको ।मालिका आविको निमावि । |
| ८ | श्रीबालकल्याण प्राथमिक विद्यालय न्यौपानेवेसी | 3 | 2 | 2 | 2 | प्रावि १ | | |
| ९ | श्रीभैरवकाली माध्यमिक विद्यालय दुईपिप्ले | 226 | 10 | 22 | 23 | | प्रावि २ | वालकल्याणर भावनाको २ प्रावि । |
| १० | श्रीज्ञानेश्वरी प्राथमिक विद्यालय जिता | 2 | 2 | 2 | 1 | प्रावि २ | | समायोजनससधारा । |
| ११ | श्री अकलाप्राथमिक विद्यालय | 2 | 2 | 2 | 1 | प्रावि १ | | रिक्त प्रावि ।ECD मा ९ जना रहेको तर कोटानभएको । |
| १२ | श्री शिद्दप्राथमिक विद्यालय | 50 | 3 | 3 | 17 | | प्रावि १ | अकलाकोरिक्त । |
| १३ | श्रीलक्ष्मी प्राथमिक विद्यालय | 67 | 4 | 4 | 17 | | प्रावि 1 र ECD | देविस्थानकोप्रावि र गणेश मालिकाको ECD |
| १४ | श्री भावनाप्राथमिक विद्यालय | 4 | 2 | 2 | 2 | प्रावि १ | | |
| १५ | श्रीदेविस्थान प्राथमिक विद्यालय | 7 | 2 | 2 | 4 | प्रावि १ | | प्राविरिक्त । |
| १६ | श्री गणेशमालिका मावि | 7 | 5 | 16 | 1.4 | ECD कोटा | | ECD मावच्चा नरहेको । |
| १७ | श्री महेन्द्री प्रावि खर्क | 5 | 3 | 3 | 1.7 | प्रावि १ | | |
| १८ | श्री भवानी प्रावि | 24 | 3 | 3 | 8 | | प्रावि १ | महेन्द्रि प्राविको । |

घ) २०७६असार२३गतेदेखि२५गतेसम्मसुन्दरवजारमाभएकोजिल्लास्तरीयराष्ट्रपतिरनिङशिल्डप्रतियोगिताकोलागिविनियोजिनरकमबाटप्रतियोगितामासहभागीखेलाडीहरुकोव्यवस्थापनगर्नरकमनपुगभएकालेसोकार्यमानगरपालिकाकोतर्फबाटसहभागीहरुपठाउँदाभएकोखर्चअनुसारथपआवश्यकरकमरु६०हजार९सयचालिसतथासोप्रतियोगितामासहभागीहरुकोव्यवस्थापनकोक्रममाप्रयोगभएकोगाडीग२च४५९१कोलागि३दिनकोजम्मारु२१हजारगरीजम्मारु८१हजार९सयचालिसरकमचालु आ व को जगेडा कोषबाटउपलब्धगराउने।

ङ) आ.ब. २०७६/७७ मा विद्यालय क्षेत्र विकास कार्यक्रम अन्तरगत रहेको देहायको कार्यक्रमहरु छनौट तथा वितरण गर्नका लागि १५ दिने सूचना दिइ विद्यालयहरुबाट निवेदन आह्वान गर्ने ।

क)

| कार्यक्रम | लागत | संख्या |
|---|---|---|
| WASH सुविधा भएको शौचालय निर्माण अनुदान | प्रति विद्यालय जम्मा रु ७ लाख | २ |
| कार्य सम्पादनमा आधारित अनुदान | प्रति विद्यालय रु ५० हजार | २ |
| उत्कृष्ट सिकाइ उपलब्धि भएका विद्यालयहरुलाई सिकाइ सुदृढीकरणका लागि प्रोत्साहन अनुदान | प्रति विद्यालय रु २ लाख | २ |
| शिक्षण सिकाइमा ICT को प्रयोगका लागि अनुदान | प्रति विद्यालय रु६लाख ५० हजार | ३ |
| माध्यमिक विद्यालयमा पुस्तकालय स्थापना तथा व्यवस्थापन | प्रति विद्यालय रु६लाख ५० हजार | २ |
| माविमा विज्ञान प्रयोगशाला अनुदान | प्रति विद्यालय रु६लाख ५० हजार | २ |
| गणित, विज्ञान तथा अङ्ग्रेजी विषयका लागि क्रियाकलापमा आधारित सामग्री kits अनुदान | प्रति विद्यालय रु ५० हजार | ३ |
| शिक्षकको शिक्षण सिकाइमा विताउने समयावधी सुधार योजना कार्यान्वयनका लागि विद्यालयलाई अनुदान | प्रति विद्यलाय रु २ हजार | २३ |

**च) विद्यालय सहयोगी, सहायक कर्मचारी तथा वालविकासका सकाहरुको लागि प्रोत्साहन भत्ताः**

विद्यालयको स्वीकृत कोटामा कार्यरत विद्यालय सहयोगी ४४ जना,सहायककर्मचारी१३जनातथाबालबिकासकासकाहरु३५जनाकोलागिआव२०७६/७७कोसाउनदेखि२०७७कोअसारसम्मप्रतिमहिनारुएकहजारकोदरलेप्रोत्साहनभत्ताउपलब्धगराउने।

छ) नगरमालिका भित्रका सार्वजनिक विद्यालयहरुमा विभिन्न कारणबाट खाली भएका शिक्षक दरवन्दीहरुमा नयाँ शिक्षक नियूक्तिको लागि स्वीकृति दिदा र शिक्षकको सरुवा स्वीकृति दिदा नगर प्रमुखबाट सदर गराएरमात्र स्वीकृति दिने ।

**निर्णय नम्वर १०**

यस आ ब को जगेडा कोषबाट खर्च हुनेगरी देहाय अनारका शिर्षकमा बजेट विनियोजन गर्ने निर्णय गरियो ।

| | |
|---|---|
| १. नगर उज्यालो कार्यक्रम अनतर्गत - | रु वीसलाख । |
| २. बर्षा याममा बिग्रिएका सडकहरुको मर्मत - | रु पन्ध्र लाख । |
| ३. भोर्लेटार बाङ्ग्रे नेटा सडक मर्मत | रु दुइलाख । |
| ४. बेत्यानी करापु छापा सडक- मर्मत | रु एकलाख पचास हजार । |
| ५. करापुटार सिंचाइ योजना मर्मत | रु दुइलाख । |
| ६. रामबजार डडुवा सडकमर्मत | रु एकलाख पचासहजार । |
| ७. नगरपालिका क्वाटर मर्मत- | रु एकलाख । |
| ८. गौरीशंकर मन्दिर- वडा नं ४ | रु एकलाख पचासहजार । |
| ९. साडेखोला खानेपानी वडा नं ५- | रु दुइलाख । |
| १०. सूर्यज्योती मा वि शौचालनय निर्माण वडा नं १- | रु दुइलाख । |
| ११. बृहत मिदिम खोला गुरु योजना- | रु १५ लाख । |
| १२. पार्क तथा खेल मैदान डीपिआर तयार पार्ने | रु १० लाख । |
| १३. महिला तथा बाल विकाश कार्यक्रम- | रु ३ लाख । |
| १४. सिलिडेडाडा मगर आमा समुह अनुदान वडानं ४- | रु एकलाख । |
| १५. नेवार समुदाय साँस्कृतिक तथा पोशाक अनुदान वडा नं ३- | रु एकलाख । |
| १६. मध्यनेपाल एकता क्षेत्री समाज भोर्लेटार पोशाक खरिद- | रु एक लाख । |
| १७. पास्ते रामबजार सडक मर्मत- | रु ५० हजार । |
| १८. निसान चौतारा बाटो पर्खाल निर्माण वडा नं १०- | रु २ लाख । |
| १९. राष्ट्रपति रनिङ शिल्ड खर्च- | रु ९० हजार । |
| २०. सोति पसल जिता सडक मर्मत- | रु एकलाख । |
| २१. भदौरे गाउँ चिहान डाडा पाटी निर्माण वडा नं ९- | रु एकलाख । |
| २२. सुर्यपाल थापा पाटी मर्मत वडा नं ३- | रु दुइ लाख । |

२३. निर्णय नं ५ अनुसार स्वास्थ्य तर्फको खर्च ब्यबस्थापन- रु तीनलाख चालिस हजार ।

**निर्णय नम्वर ११**

प्रस्ताव नम्बर ११ माथि छलफल गर्दा नगरपालिकाको स्वास्थ्य शाखाको सिफारिस बमोजिम नगर प्रमुखको तोक आदेश अनुसार मात्र नगर प्रमुख आकस्मिक कोषबाट स्वास्थ्य उपचार खर्च उपलब्ध गराउने ।

**निर्णय नम्वर १२**

प्रस्ताव नम्बर १२ माथि छलफल गर्दा नगपालिका भीत्रका आबश्यक शहरी क्षत्रभीत्र नगर प्रमुखको उपस्थितिमा उपभोक्ता समिति गठन गरी सोलार जडान गर्ने निर्णय गरियो ।